मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२१ असोज २०८१, सोमबार
7 October 2024, Monday

# ‘गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि शिक्षा परियोजनाको भूमिका महत्वपूर्ण’

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २० असोज



वर्ल्डभिजन इन्टरनेशनल नेपालसँगको साझेदारीमा प्रगतिशिल युवासमाजद्वारा बझाङको जयपृथ्वी नगरपालिकामा सञ्चालन भइरहेको समुदायमा आधारित बाल प्रायोजन र समावेशी तथा गुणस्तरीय शिक्षा परियोजनाको परिचयात्मक कार्यक्रम आइतबार सम्पन्न भएको छ ।

जयपृथ्वी नगरपालिकाको समन्वय, वर्ल्डभिजनको सहयोग तथा प्रगतिशिल युवा समाजको आयोजनामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा बोल्दै जयपृथ्वी नगरपालिका मेयर चेतराज बजालले प्रगतिशिल युवा समाजले सरकार र अन्य संस्था भन्दा फरक खालको पहिचान बनाएको बताए । संस्थाबाट नगरपालिकाले पनि केही सिक्न जरुरी रहेको उनको भनाइ छ । उनले भने, ‘संस्थाले गरेका भौतिक संरचना लगाएत जति ठाउँमा काम गरेको छ । ति सबै काम गुणस्तरीय छ । यस संस्थाबाट हामीले समस्या समाधानको तरिका,जनमानसमा गएर जनतासँग नजिक हुने तरिका, यस्ता धेरै कुरा सिक्न जरुरी छ । सरकारले गर्न नसकेका कामहरु यो संस्थाले गरिदिएको छ । नगरपालिकामा लागु भएर संस्थाले हामीलाई धेरै सहयोग गरेको छ । हामीबाट हुने सहयोग पनि हामी गर्न तयार छौं ।’

संस्थाले नगरपालिकामा लागु भएर शिक्षा, भौतिक संरचना, विध्यालयका कक्षा कोठा, वडाहरुमा बालमैन्त्री स्थानिय सासन बनाउन सघाउने लगाएतका कामहरु प्रभावकारी गरेको जयपृथ्वी नगरपालिका उपमेयर रतन बहादुर सिंहले बताए । अघिल्ला वर्षहरुमा भएका कमजोरीहरुको सुधार गर्दै कार्यक्रमहरु अगाडि बढाउनुपर्ने र आफुबाट हुने सहयोग गर्न सदैव प्रतिवाद रहेको समेत सिंहले बताए ।

संस्थाले नगरपालिकामा गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नका लागि महत्वपूर्ण योगदान दिएको जयपृथ्वी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिद्वराज पण्डितले बताए ।

कार्यक्रममा प्रगतिशिल युवा समाजका कार्यक्रम व्यवस्थापक यज्ञराज जोशीले समुदायमा आधारित बाल प्रायोजन तथा बाल संरक्षण परियोजना र समावेशी तथा गुणस्तरीय शिक्षा परियोजनाको आगामी आर्थिक वर्ष २०२५ मा सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण प्रस्तुत गर्नुका साथै आर्थिक वर्ष २०२४ मा सञ्चालन गरिएका क्रियाकलापहरुको उपलब्धी प्रस्तुत गरिएको थियो ।

संस्थाका परियोजनाहरु लागु भएका वडाहरुबाट प्रभावित भएर अन्य वडाहरुले पनि संस्थाका ति परियोजनाहरु आफ्नो वडामा आवश्यकता महसुस गरेको जयपृथ्वी नगरपालिका-८ का वडाअध्यक्ष लोकेन्द्र बोहराले बताए । संस्थालाई जयपृथ्वी नगरपालिकाका सबै वडाहरुमा परियोजना लागु गर्नका लागि पनि वडाअध्यक्ष बोहराले आग्रह गरेका छन् ।

संस्थाले जयपृथ्वी नगरपालिकाका १,३,५,६,७,८ र ११ गरि ७ वटा वडामा समुदायमा आधारित बालप्रायोजन तथा बाल संरक्षण परियोजना र समावेशी तथा गुणस्तरीय शिक्षा परियोजना लागु गरिएको छ । सरकारले लिएको दिगो विकासको लक्ष्य अनुसार जयपृथ्वी नगरपालिकालाई बालमैन्त्री स्थानीय सासन घोषण गर्न, नगरपालिकामा गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नका लागि स्थानीय तहसँग संस्था सदैव हातेमालो गर्न तयार रहेको प्रगतिशिल युवा समाजका अध्यक्ष रमेश केसीले बताए ।

सरकारले लिएको दिगो विकासको लक्ष्य अन्तर्गत २ नम्बर लक्ष्य भोकमरी अन्त्यमा सघाउ पुऱ्याउनका लागि जयपृथ्वी नगरपालिकामा यो वर्षबाट थप भोकमरी र कुपोषणको अन्त्य अभियान शुभारम्भ भएको वर्ल्डभिजन इन्टरनेशनल नेपाली बझाङ जिल्ला संयोजक मेनुका मल्ल सिंहले बताइन् ।

यो अभियान सुदुरपश्चिम प्रदेशमा मुख्यमन्त्री कमल शाहले सेप्टेम्वरमा १९ मा सुदुरपश्चिम प्रदेशमा शुभारम्भ गरेका थिए । यो अभियानले बालबालिकाको पोषणमा सुधार ल्याउने समेत संयोजक सिंहको भनाइ छ । सो कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, लक्षित वर्गका प्रतिनिधि, बाल क्लब आदिको सहभागिता रहेको थियो ।

# फाउण्डेशनले दियो स्वयंसेवी रक्तदाताहरुलाई उपहार




**नेपालगन्ज/मस–** गोपाल-नीना फाउण्डेशन, नेपालगन्जद्वारा आयोजित ‘बृहत् रक्तदान कार्यक्रम’मा रक्तदान गर्ने स्वयंसेवी रक्तदाताहरुलाई उपहार वितरण गरेको छ । पूर्व घोषणा अनुसार गत शनिबार सम्पन्न भएको उक्त ‘बृहत्त रक्तदान कार्यक्रम’मा रक्तदान गर्ने स्वयंसवी रक्तदाताहरुमध्ये चार जना रक्तदाताहरुलाई प्रोत्साहन स्वरुप फाउण्डेशनको कार्यालयमा २ महिला, २ पुरुष तथा दुई जना जनमतका नियमित रक्तदाताहरुलाई उक्त उपहार हस्तान्तरण गरिएको गोपाल-नीना फाउण्डेशनकी सहनिर्देशक डा. तृप्ती पाल रमणले जानकारी दिइन् ।

बाँके जिल्लामा रगतको अभाव भइरहेको अवस्थालाई मध्यनजर गर्दै ‘रक्तदान गरौं : जीवन उपहार दिउँ’ भन्ने नाराका साथ उक्त कार्यक्रमको आयोजना गरिएको र १० जना महिलासहित ५७ जनाले रक्तदान गरेका थिए । उक्त कार्यक्रमका लागि सूचना प्रविधिको माध्यमबाट सहयोग र समन्वयकारी भूमिका निर्वाह गरेका हेल्थ याद आयोको तर्फबाट उक्त बृहत्त रक्तदान कार्यक्रममा रक्तदान गर्ने स्वयंसेवी रक्तदाताहरुलाई थप प्रोत्साहन गर्नका लागि रक्तदान गर्ने सहभागीहरुलाई मोवाइल एपको माध्यमबाट विभिन्न स्वास्थ्य सेवा प्रदान गर्दै आएको हेल्थ याद आयोकोतर्फबाट २ महिला, २ पुरुष तथा जनमतका दुई जना नियमित रक्तदातालाई एक हजार पाँच सय बराबरको हेल्थ प्याकेज, जसमा निःशुल्क डाक्टर परामर्श तथा निःशुल्क रगत संकलन गर्ने विधि पनि समावेश गरिएको उपहार गोला प्रथाबाट निःशुल्क उपलब्ध गराइएको थियो ।

गोपाल-नीना फाउण्डेशनका टेक्नीकल अफिसर विपुल वर्माले दिएको जानकारी अनुसार गोला प्रथाबाट उक्त उपहार पाउने महिला रक्तदातामा प्रभा पोखरेल र सरिता भण्डारी तथा पुरुष रक्तदातामा प्रितम शाह र शिवम् गुप्ता छन् भने विगत १९ वर्षदेखि निरन्तर त्रैमासिक रुपमा रक्तदान कार्यक्रम गर्दै आएको जनमत अर्द्ध साप्ताहिकका नियमित रक्तदाता मध्ये शतक रक्तदाता पवन जायसवाल र दिला शाह छन् ।

उक्त उपहार गोपाल-नीना फाउण्डेशनका सहनिर्देशक डा. तृप्ती पाल रमण र नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाहले रक्तदाताहरुलाई एक कार्यक्रमकाबीच हस्तान्तरण गरेकी थिइन् । सो अवसरमा फाउण्डेशनका सहनिर्देशक डा.तृप्ती पाल रमण, नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह र जनमत अर्द्ध साप्ताहिक पत्रिकाका सम्पादक पूर्णलाल चुकेले रक्तदान जस्तो महान अभियानमा सहभागी हुने रक्तदाताहरुलाई बधाइ दिँदै हरेक तीन महिनामा त्यसै खेर जाने र नयाँ रक्त कोशिका तयार हुने भएकोले आफ्नो एक पिन्ट रगत दान गरेर अर्को एक जनाको जीवन बचाउने जस्तो पुण्य काममा सहभागी हुन सबै स्वस्थ व्यक्तिलाई आग्रह गरेका थिए ।

# लागुऔषधसहित २ जना पक्राउ

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० असोज

रुकुम पश्चिमको मुसिकोट नगरपालिका -५ सेरीगाउँबाट अवैध लागुऔषध अफिमसहित दुई जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले आठ किलो एक सय ग्राम अफिमसहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मुसिकोट नगरपालिका -९ घर भइ हाल वडा नम्वर ५ सेरीगाउँ बस्ने ३६ वर्षीय भिमबहादुर ओली र आठबिसकोट नगरपालिका -२ स्याला बस्ने ३५ वर्षीय अजय यरी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक बखत बहादुर शाहीले अवैध अफिमको कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले शुक्रबार राति अफिमसहित दुई जनालाई नियन्त्रणमा लिएको बताए । उनका अनुसार अफिम कारोबारमा संलग्न ओली र यरीबाट आठ किलो एक सय ग्राम अफिम र तीन वटा मोबाइल समेत बरामद गरिएको छ ।

सेरीगाउँबाट ज्यामडाँडातर्फ जाने पक्की सडकको छेउमा पहेलो रंगको प्लाष्टिकको बोरा यरीले दिँदै गरेको र ओलीले लिँदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुविरुद्ध अवैध लागुऔषध मुद्दा दर्ता गरी रुकुम जिल्ला अदालतबाट जरुरी पक्राउ पूर्जी स्वीकृत गराइ घटनाको थप अनुसन्धान शुरु गरिएको बताए ।


## श्री माध्यमिक विद्यालय विसुनपुर्वा मानपुर

माधवनारयण नगरपालिका-४, रौतहट

**पोखरीको डांक बढाबढ सम्बन्धी सूचना**

**(प्रकाशित मिति: २०८१/०६/२०)**

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०५/१५ गतेको बसेको बैठकको निर्णयानुसार यस विद्यालयको नाउँमा कायम रहेको साविक गा.वि.स बिसुनपूर्वा मानपुर वडा नं. ०२ (हाल वडा नं.०४ मानपुरको किता नं. २७६ क को जगाको क्षेत्रफल १२-०-० (बाह बिघा) पोखरीको बन्दोबस्ती गर्नको लागि खुल्ला डांक बढाबढको लागि सूचना प्रकाशित गरिएको छ । साथै तपसिलको सर्तको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरु समेतबाट आवेदन दिन हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | आवेदन दस्तुर | बोल कबोलको न्यूनतम रकम रु. | डांक बढाबढढ हुने दिन र समय | डांक बढाबढ हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १/२०८१/०८२ | माछा पोखरी | रु .१५००/- | रु .१,४५,६०,०००/- अक्षरेपी रु एक करोड पैतालिस लाख साठी हजार मात्र । | २०८१/०७/१२ गते तोकिनेछ । | श्री मा.वि. विसुनपुर्वा मानपुरको प्राङ्गमा | |

**शर्तहरु:-**

१. पोखरीको संख्या २ (दुई)
२. टेक्काको किसिम :- खुल्ला डांक बढाबढद्वारा
३. निवेदन दिनु पर्ने मिति :- २०८१/०६/२० गतेदेखि २०८१/०७/११ गते आईतवार ३:०० बजेसम्म ।
४. निवेदन दर्ता सम्बन्धमा निवेदन दर्ता गराउन आउँदा विद्यालयबाट रु. १५००।- फिर्ता नहुने गरी रसिद लिई निवेदनको साथमा राखी दर्ता गराउनु पर्छ ।
५. न्यूनतम रकम भन्दा माथीदेखि डांक बोल्नु पर्नेछ ।
६. धरौटी सम्बन्धमा : धरौटीको हकमा नेपाली नागरिक भए ५ र विदेशी भए १०% आफूले कबोल गर्ने रकमको पहिले नै यस विद्यालयको च.हि.न. १७१०१०००००४९७००१ राष्ट्रिय वाणिज्य बैंक गरुडा शाखा कार्यालयमा राखी सक्कल भाउचर यस विद्यालयमा डांक बढाबढ हुनु भन्दा १ घण्टा अगावै पेश गर्नु पर्नेछ । साथै माथि जे लेखिएको भएतापनि न्यूनतम अंकको ५% रकम अंक अनिवार्य रुपमा बैंकमा राख्नु पर्ने र बढी बोलको लागि डांक बोल्ने समय नगद पनि राख्न सकिनेछ ।
७. ठेक्का स्वीकृत भएको सूचनाको पाएको मिति ७ दिनभित्र बोल अंकको १० (दश) किस्तामा गरी प्रथम किस्ताको रकम यस विद्यालयको च.हि.नं. १७१०१०००००४९७००१ राष्ट्रिय वाणिज्य बैंक गरुडाको शाखा कार्यालयमा दाखिला गरी सक्कल भाउचर पेश गरी बाँकीको हकमा बैंक ग्यारेन्टी वा जग्गा वा धनजमानी साथ यस कार्यालयमा उपस्थित भै कबुलियतनामामा समेत गरि दिनुपर्नेछ ।
८. ठेक्का स्वीकृतको सूचना पाएको वा घरदैलोमा टाँस भएको ७ (सात) दिनभित्र ठेक्का पट्टा उठाउन नआएमा वा दाखिला गर्नुपर्ने प्रथम किस्ताको रकम दाखिला नगरेमा राखेको धरौटी रकम जफत गरिनेछ र दोस्रो डांक बोल्ने बोल अंक नियमानुसार दोस्रोलाई सूचना दिई सम्झौता गर्न सकिनेछ वा पुनः टेनडर आहवान गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. ठेक्का किस्ता रकम बुझाउने तरिका:- ठेक्काको कुल रकमको ५ (पाँच) वर्ष को १० वटा किस्ता हुनेछ । प्रथम किस्ताको रकम ठेक्का स्वीकृत भएको पत्र पाएको मितिले ७ (सात) दिनभित्र र त्यस पछिको प्रत्येक किस्ता रकम वर्षको २ पटक (६-६) महिना भित्रमा दिनु पर्नेछ ।
१०. बोल कबोलको दिन विद्यायलले आचारसंहिता बनाई लागु गर्ने छ ।
११. यसमा उल्लेखित भएका कुराहरु सोही अनुसार उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, कानून नियम बमोजिम हुनेछ ।
१२. बोल बोल्दा एक-एक पटकमा न्यूनतम रु. २०,०००।- र अधिकतम रु. ५०,०००।- बोल्न पाउने छ ।
१४. ठेक्का किस्ताको रकम सम्बन्धमा कुनै किसिमको मिन्हा दिईने छैन ।
१५. यदि कुनै कारणबस ठेक्का हुन नसकेमा ठेक्कादारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन ।
१६. पोखरीको ठेक्का सकार भएमा लागु हुने मिति: (२०८२।०४।०१ गतेदेखि ५ पाँच वर्षको हुनेछ) ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि (उपलब्ध भएमा) व्यक्तिगत पान नं. समेत सम्लित गर्नुपर्ने ।

**प्रधानाध्यापक**

## Sotang Rural Municipality
## Office of Rural Municipal Executive

**Sotang, Solukhumbu, Koshi province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 2081/06/20 (06/10/2024)**

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S. N. | Contract No | Description of Work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 02/SRM/NCB/2081/82 | Basepu Khanepani Aayojana | 490000/- | 90 days | 3,000.00/- | 19473767.17/- | 2081/07/25 (10-11-2024) 04:00 PM | 2081/07/26 (11-11-2024) 2:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9841323347 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:
   Name of the Bank : Agriculture Development Bank, Solukhumbu
   Name of the Office : Sotang Rural Municipality Office, Solukhumbu
   Office Code No. : 801010908
   Office Account No. : 1125501429939116 (For Bid Document)
   Office Account No. : 1125501429939035 (For Bid Security)
4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**

## Sabhapokhari Rural Municipality
## Office of the Rural Municipal Executive

**Barhabise, Sankhuwasabha**
**Koshi Province, Nepal**

**Invitation For Electronic Bids**

Date of publication: 2081-06-21

1. Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha invites electronic bids from eligible bidders for the construction of the following works :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. Without Vat ) | Bid Security Amount (in Rs.) | Bid Document Fee (in Rs.) | Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| SPRM/UBS/ NCB/04/081/082 | Procurement and Supply of Medicine and Surgical Items | **22,73,278.50** | **60,000** | 3,000 | 2081/07/30 before 12:00 hrs | 2081/07/30 at 13 hrs | 90 days | 120 days |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha, email:- savapokharimun@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.**

2 Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned above in the Project's Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Prime Commercial Bank Ltd., Sabhapokhari Branch**
**Name of Office : Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha**
**Office Code No:- 801010409**
**Antarik Rajaswa Account No.: 06901000000022200177 (for bid document purchase**
**Rajaswa (Revenue) Sirshak No. :- 14229**
**Dharauti Account No :- 06901000000023100160 (for bid security deposite)**

3. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.